प्रमाणिकरण गर्ने

मिति २०७७।६।२८

कम्मन गिरी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ आश्विन २७ गतेका दिन लुङ्ग्री गाउँकार्यपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर खड्काज्यूको अध्यक्षतामा लुङ्ग्री गाउँकार्यपालिका गाउँकार्यपालिकाको कार्यालय भवनमा बसेको दोश्रो गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिमका प्रस्तावहरु माथि निर्णय गरियो ।

उपस्थितिः

| सि.नं | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर खड्का | गा.पा. अध्यक्ष | |
| २ | श्री भिमकला बुढाथोकी | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री मति पुन | सदस्य | |
| ४ | श्री अमृत घर्ति मगर | सदस्य | |
| ५ | श्री नेम बहादुर खड्का क्षेत्री | सदस्य | |
| ६ | श्री शिब प्रसाद केसी | सदस्य | |
| ७ | श्री भरत कुमार थापा | सदस्य | |
| ८ | श्री यमलाल बिष्ट क्षेत्री | सदस्य | |
| ९ | श्री कर्ण बहादुर रोका | सदस्य | |
| १० | श्री खमीसरा बस्नेत | सदस्य | |
| ११ | श्री खौमली घर्ति क्षेत्री | सदस्य | |
| १२ | श्री गौसरा घर्तिमगर | सदस्य | |
| १३ | श्री टेक बहादुर सुनार | सदस्य | |
| १४ | श्री लितमा कामी बि.क. | सदस्य | |
| १५ | श्री कम्मन गिरी | सदस्य सचिब | |
| | | अन्य आमन्त्रित | |
| १ | श्री वरुण प्रसाद राजवंशी | इन्जिनियर | |
| २ | श्री ईश्वरी प्रसाद खनाल | अधिकृत छैठौं | |

| | | | |
|---|---|---|---|
| ३ | श्री लेपेन्द्र बहादुर बुढाथोकी | स्वास्थ्य संयोजक | |
| ४ | श्री शरद न्यौपाने | अधिकारी छैठौं लेखा | |
| ५ | श्री पूर्ण प्रसाद ~~आचार्य~~ उपाध्याय | शिक्षा अधिकृत | |
| ६ | श्री टिका बिष्ट | सुचना प्रबिधि अधिकृत | |
| ७ | श्री कमला वली | लेखा पाँचौ | |
| ८ | श्री बिमला आचार्य | आ.ले.प. | |
| ९ | श्री डोर बहादुर खड्का | पोषण सहजकर्ता | |
| १० | श्री महादेव गुरुङ | का.स. | |
| ११ | त्रिलोचन सुवेदी | रो.स. | |

प्रस्ताबहरुः

१. चाडपर्व लगायत जिल्ला प्रशासनको निर्णय सम्बन्धमा ।
२. शिक्षा समता रणनीति कार्यक्रम सम्बन्धमा ।
३. सिकाई सहजीकरण ( दशैं तिहार ) सम्बन्धमा ।
४. बिबिध

- मातृ तथा नवजात शिशु कार्यक्रमको ब्रेकडाउन सम्बन्धमा ।
- गा.पा.को विनियोजित औषधी तथा सामग्रीको बजेट ब्रेकडाउन संबन्धमा ।
- रोजगार प्राथमिकिकरण संबन्धमा ।
- स्वास्थ्य करार कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा ।
- जिल्ला आइसोलेसन केन्द्र सम्बन्धमा ।

प्रमाणिकरण गर्ने
मिति २०७७।०७।२८

## २०७७ आश्विन २७ गते कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरुको निर्णय

प्रस्तावहरुः

१. चाडपर्व लगायत जिल्ला प्रशासनको निर्णय सम्बन्धमा ।

२. शिक्षा समता रणनीति कार्यक्रम सम्बन्धमा ।

३. सिकाई सहजीकरण ( दशैं तिहार ) सम्बन्धमा ।

४. बिबिध

क) मातृ तथा नवजात शिशु कार्यक्रमको ब्रेकडाउन सम्बन्धमा ।

ख) गा.पा.को विनियोजित औषधी तथा सामग्रीको बजेट ब्रेकडाउन संबन्धमा ।

ग) रोजगार प्राथमिकिकरण संबन्धमा ।

घ) स्वास्थ्य करार कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा ।

ङ) जिल्ला आइसोलेसन केन्द्र सम्बन्धमा ।

च) हुरेक कार्यक्रम सम्बन्धमा ।

छ) बाटो मर्मत गर्ने सम्बन्धमा ।

ज) मर्मत सम्भार कोष सम्बन्धमा ।

निर्णय नं १ :

प्रस्ताव नं १ माथि छलफल गर्दा यस लुङ्ग्री गाउँपालिका क्षेत्र भित्र जम्मा ३ (तीन) वटा प्रहरी चौकी भएको र यस बर्ष २०७७ को बडा दशैंको अवसरमा गत बर्ष झैं देवी पुजा र हतियार पुजा गर्नको लागि प्रति चौकी रु २००००/- (अक्षेरुपी रु बिस हजार रुपैया ) को दरले उपलब्ध गराउने निर्णय गरियो । साथै कोरोना महामारीलाई न्यूनीकरण गर्नको लागि जिल्ला प्रशासन कार्यालय रोल्पाको च.नं. ८६७ मिति २०७७/०६/२५ गतेको परिपत्र तथा निर्णयलाई हुवहु कार्यन्वयन गर्ने र देउसी, भैलो, खेलकुदका कार्यक्रमहरुलाई पूर्णरुपमा रोक लगाउने निर्णय गरियो साथै वडा समितिले पनि यो निर्णयलाई बैठक बसाली निर्णय कार्यन्वयन गर्न लागाउने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्ताव नं २ माथि छलफल गर्दा बिद्यालय शिक्षा विकास कार्यक्रम अन्तर्गत आ.व.०७७/७८ को शिक्षामा समता रणनीति कार्यान्वयन योजना गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो । साथै गत आ.व.मा गाउँपालिकाबाट मा.बि. अनुदान कोटामा शिक्षक छनौट गर्दा रीत पुगी छनौट भएका शिक्षकहरुलाई चा.लु. आ.व. मा पनि निरन्तरता दिने र रित नपुगी छनौट भएका बिद्यालयहरुमा रितपुर्वक बिज्ञापन आव्हान गरी शिक्षक छनौट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाका अन्तर्गतका बिद्यालयहरुमा हुदै आएको सिकाई सहजीकरण प्रकृया यस पालीको महान चाड बडा दशैंमा हुन सक्ने कोरोना भाईरस (कोभिड-१९ को महामारीबाट बचन) मिति २०७७/०७/०१ गते घटस्थापनाको दिन देखि २०७७/०७/१४ गते पुर्णिमाको दिन सम्म सिकाई सहजीकरण प्रकृया बन्द गर्ने निर्णय गरियो ।

कम्मन गिरी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ४ को बिबिध नं (घ) :

प्रस्ताब नं ४ को बिबिध नं (घ) स्वास्थ्य करार कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा छलफल गर्दा यस लुङ्ग्री गाउँपालिका अन्तर्गत वडा नं ३ र ४ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रमा छनौट भई गएका स्वास्थ्यकर्मीहरुलाई चौथो तहले पाउने तलब दिने निर्णय गरियो ।

निर्णय नं ४ को बिबिध (ङ) :

प्रस्ताब नं ४ को बिबिध (ङ) माथि छलफल गर्दा जिल्ला समन्वय समितिको संयोजकत्वमा भएको जिल्ला कोरेनटाइन ब्यास्थापन समितिलाई रु ३०००००/- (अक्षेरुपी रु तिन लाख) को सामाग्री उपलब्ध गराइएको र रु ५००००/- (अक्षेरुपी रु पचास हजार मात्र) उपलब्ध गराउन बाकि रहेकोले उक्त व्यवस्थापन समितिलाई रु ५००००/- (अक्षेरुपी रु पचास हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ४ बिबिध (च):

प्रस्ताब नं ४ को बिबिध (च) माथि छलफल गर्दा यस गाउँपालिकामा संचालित मानव अधिकार सचेतन केन्द्र (हुरेक) को रु ५०००००/- (अक्षेरुपी रु पाँच लाख मात्र) र लुङ्ग्री गाउँपालिकाको भैपरी आउने पुँजीगत खर्च शिर्षकबाट रु १००००००/- (अक्षेरुपी रु दश लाख मात्र) को लागत साझेदारीमा आ.व.०७७/७८ को तिहार लगत्तै आवधिक योजनाको प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै टोल विकास संस्थाको कार्यविधि, २०७७ लाई यस गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत गरियो र आउदो गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ को बिबिध (छ):

प्रस्ताब नं ४ को बिबिध (छ) बाटो मर्मत गर्ने सम्बन्धमा छलफल गर्दा यस आ.व.मा गाउँपालिका भित्र भएका सम्पूर्ण मोटरबाटोहरुमा अविरल बर्षाको कारणले पहिरो गई आवतजावत बन्द भएको अवस्थामा नजिकिदै गरेको वडा दशैंको लागि बाटोहरु खुलाउनु पर्ने भएकोले मानिसद्वारा कार्य गराउदा समय र खर्च बढी लाग्ने र समयमा नसकिने भएकोले गाउँपालिका भरिका सम्पूर्ण बाटोहरुमा मेशिनद्वारा काम गर्ने निर्णय गरियो ।

निर्णय नं ४ बिबिध (ज):

प्रस्ताब नं ४ को बिबिध (ज) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयद्वारा यस आ.व. ०७७/७८ मा विनियोजित बाटो मर्मत तथा सुधार योजनामा रकम अपुग भई बाटो मर्मत गर्न समस्या भएकोले यस गाउँपालिकाको मर्मत सम्भार कोषबाट प्रति योजना तपशिल बमोजिमका योजना विवरणहरुको लागी रु १०००००/- (अक्षेरुपी रु एक लाख) मा नबढ्ने गरी प्राबिधिक मूल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ऐपे जाने बाटो | वडा नं १ | |
| २ | शिवजी थान जाने बाटो | वडा नं २ | |
| ३ | खरिखोला जाने बाटो | वडा नं ३ | |
| ४ | झोलुलुंगे पुल पारि नम्जा/सिर्प जाने बाटोमा ग्याभिन जाली | वडा नं ४ | |
| ५ | गर्मि एरपोर्ट जाने बाटो | वडा नं ५ | |

निर्णय नं ४ :

प्रस्ताव नं ४ बिबिध सम्बन्धमा छलफल गर्दा तपशिल बमोजिमको निर्णयहरु गरियो ।

निर्णय नं ४ बिबिधको (क) :

तपशिल:

प्रस्ताव नं ४ बिबिधको (क) माथि छलफल गर्दा मातृ तथा नवजात शिशु कार्यक्रमको ब्रेकडाउन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सशर्त अनुदान तर्फ | | | |
|---|---|---|---|
| क.स. | कार्यक्रम | लागत रकम | कैफियत |
| १ | सुत्केरीलाई यातायात खर्च | १०००००० | |
| २ | गर्ववती उत्प्रेरणा | ३२०००० | |
| ३ | न्यानो झोला खरिद | ४०५००० | |
| ४ | निशुल्क गर्वपतन | ७५००० | |
| | जम्मा | १८००००० | |

निर्णय नं ४ बिबिध (ख)

प्रस्ताब नं ४ बिबिध (ख) माथि छलफल गर्दा गा.पा.को विनियोजित औषधी तथा सामग्रीको बजेट ब्रेकडाउन संबन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| गाउँपालिका तर्फको निशर्त अनुदान औषधि खरिद | | | |
|---|---|---|---|
| क.स. | खरिद प्रकृया | लागत रकम | कैफियत |
| १ | प्रथम चौमासिक | ५००००० | |
| २ | दोश्रो चौमासिक | ५००००० | |
| ३ | तेश्रो चौमासिक | ४९५०००० | |
| | जम्मा | १४९५००० | |

निर्णय नं ४ को बिबिध (ग) :

प्रस्ताब नं ४ बिबिध (ग) रोजगार प्राथमिकिकरण संबन्धमा छलफल गर्दा लुङ्ग्री गाउँपालिका रोजगार सेवा केन्द्रबाट प्राप्त रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत मापदण्डमा आधारित रही तयार पारिएको बेरोजगार प्राथमिकरण सूचि २०७७/७८ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

कम्मन गिरि
प्रमुख प्रशासकीय अधिकृत